जहाँ छ मेरो जन्मभूमि त्यहाँ शान्त शीतल जलमग्नमा छन् भक्तवत्सल महेश्वर । म जन्मिए ढुकिँएँ यस्तो पावन पुण्यभूमिमा नाम हो यसको जलेश्वर ।।-कवि पवेन्द्र मानश्रेष्ठ

समाज, विकास, लोकतन्त्र र विधिको शासन प्रति समर्पित राष्ट्रिय दैनिक

जि.प्र.का. महोत्तरी द.नं. ४३/०७०/७१
जि. महोत्तरी हु.द.नं. ४/०८०/८१

सबै क्षेत्रको प्रबर्द्धनको गुरु

www.jaleshwortoday.com

# जलेश्वर टुडे

Jaleshwor Today National Daily

एक कदम अगाडि



विज्ञापनको लागि सम्पर्क
: ९८४४०२७९७१
Whats App No:- ९८२४८७७६२७
Gmail :- Jaleshwortoday@gmail.com



बर्ष १३ • अंक ३१२ • २०८३ भदौ १५ गते सोमवार • 31 Aug. 2026 • पृष्ठ ४ • मुल्य रु.५/-


# चित्रगुप्त सेवा समितिको नि:शुल्क स्वास्थ्य शिविरमा १७० जनाले पाए विशेषज्ञ सेवा



**दिपक श्रेष्ठ मण्डल**
**जनकपुरधाम, १४ भदौ**

जनकपुरधाम-१० स्थित देवीचोकमा श्री चित्रगुप्त सेवा समितिको आयोजनामा सम्पन्न बृहत् नि:शुल्क स्वास्थ्य शिविरमा १७० जना सेवाग्राहीले विशेषज्ञ स्वास्थ्य सेवा लिएका छन् ।

आर्थिक अभाव तथा स्वास्थ्य सेवाको सीमित पहुँचका कारण उपचारबाट वञ्चित नागरिकलाई लक्षित गरी आयोजना गरिएको शिविरमा विभिन्न रोगका विशेषज्ञ चिकित्सकबाट स्वास्थ्य परीक्षण, उपचारसम्बन्धी परामर्श तथा औषधि सेवा प्रदान गरिएको थियो । शिविरमा ईसीजी, अल्ट्रासाउन्डलगायत प्रयोगशाला परीक्षणमा ७५ प्रतिशतसम्म छुटको व्यवस्था गरिएको थियो। साथै रक्तदान कार्यक्रमसमेत सञ्चालन गरिएको थियो । शिविरको अध्यक्षता श्री चित्रगुप्त सेवा समिति जनकपुरधामका अध्यक्ष दिलीप कुमार लाल कर्णले गरेका थिए भने प्रमुख अतिथिका रूपमा राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. श्याम नारायण लाभ सहभागी थिए । कार्यक्रममा जनकपुरधाम-१० का वडा अध्यक्ष मिथलेश कर्ण, कार्यक्रम संयोजक मोहन कर्ण, व्यवस्थापक प्रशान्त अरविन्द, रोशन जनकपुरी लगायतको उपस्थिति थियो। कार्यक्रमलाई सम्बोधन गर्दै अध्यक्ष दिलीप कुमार लाल कर्णले आर्थिक अवस्था कमजोर भएकै कारण कुनै नागरिक स्वास्थ्य उपचारबाट वञ्चित हुन नपरोस् भन्ने उद्देश्यले शिविर आयोजना गरिएको बताए । उनले सामाजिक उत्तरदायित्वलाई व्यवहारमा रूपान्तरण गर्दै आगामी दिनमा पनि नागरिकको आवश्यकता अनुसार स्वास्थ्य तथा मानव सेवाका कार्यक्रमलाई निरन्तरता दिने प्रतिबद्धता व्यक्त गरे। प्रमुख अतिथि प्राध्यापक डा. श्याम नारायण लाभले स्वास्थ्य सेवाको पहुँच विस्तारमा सामाजिक संस्था र स्वास्थ्य संस्थाबीचको सहकार्य महत्वपूर्ण रहेको बताए । समुदायको आवश्यकतालाई केन्द्रमा राखेर आयोजना गरिने यस्ता सेवामूलक कार्यक्रमले नागरिकलाई प्रत्यक्ष लाभ पुऱ्याउने उल्लेख गर्दै उनले सामाजिक सेवाका यस्ता अभियानलाई निरन्तरता दिनुपर्नेमा जोड दिए । शिविरमा जानकी मेडिकल कलेजका एसोसिएट प्रोफेसर डा. दीपक कुमार साहको नेतृत्वमा विशेषज्ञ चिकित्सकहरूको टोली सहभागी भएको थियो ।

टोलीले विभिन्न विभाग मार्फत सेवाग्राहीको स्वास्थ्य परीक्षण तथा उपचारसम्बन्धी परामर्श दिएको थियो। स्त्री तथा प्रसूति रोग विभागमा डा. सन्तोष कुमार झा, डा. दीपक कुमार साह, डा. सदिक्षा के.सी. र डा. रोशनी ठाकुरले सेवा दिएका थिए। बाल रोग विभागमा डा. मनोज कौशल, अर्थोपेडिक विभागमा डा. आशिष झा, डा. दिपेश साह र डा. धिरज कुमार यादव, मेडिसिन विभागमा डा. विवेक पञ्जियार, डा. शान्ति सिंह र डा. सोनाक्षी जैसवाल तथा रेडियोलोजी विभागमा डा. वीरेन्द्र कुमार यादवले सेवाग्राहीको स्वास्थ्य परीक्षण गरेका थिए। शिविरमा मेडिसिन, स्त्री तथा प्रसूति रोग, बाल रोग, हाडजोर्नी तथा नसा रोगलगायतका विशेषज्ञ सेवा उपलब्ध गराइएको थियो। स्वास्थ्य परीक्षणका क्रममा गम्भीर प्रकृतिको स्वास्थ्य समस्या देखिएका एक जना बिरामीलाई थप उपचारका लागि जानकी मेडिकल कलेजले आफ्नै अस्पतालमा लगेर नि:शुल्क उपचार गर्ने जनाएको छ।शिविरको समापन अवसरमा सेवा कार्यमा उल्लेखनीय योगदान पुऱ्याउने चिकित्सक, स्वास्थ्यकर्मी तथा स्वयंसेवक युवाहरूलाई प्रमुख अतिथि राजर्षि जनक विश्वविद्यालयका उपकुलपति प्राध्यापक डा. श्याम नारायण लाभले प्रमाणपत्र प्रदान गर्दै सम्मान गरेका थिए। कार्यक्रम संयोजक मोहन कर्ण र व्यवस्थापक प्रशान्त अरविन्दको संयोजनमा सम्पन्न शिविरमा चिकित्सक, स्वास्थ्यकर्मी, स्वयंसेवक तथा स्थानीय नागरिकको उल्लेख्य सहभागिता रहेको थियो ।

# विद्युत् आपूर्ति बारम्बार अवरुद्ध हुन थालेपछि स्थानीयवासी हैरान

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ भदौ**



जनकपुरधाम उपमहानगरपालिकाको नगर तथा ग्रामीण क्षेत्रमा विद्युत् आपूर्ति बारम्बार अवरुद्ध हुन थालेपछि स्थानीयवासी हैरान भएका छन्। एक घण्टामै आठ-दश पटकसम्म विद्युत् 'ट्रिप' हुन थालेपछि घरायसी कामदेखि व्यापार व्यवसाय र विद्यार्थीको पढाइसम्म प्रभावित भएको स्थानीयको गुनासो छ । स्थानीयका अनुसार जनकपुरधाममा दैनिक २० देखि २५ पटकसम्म विद्युत् आउने-जाने गरेको छ । केही समय विद्युत् आए पनि फेरि तत्कालै लाइन काटिने र पुन: आउने क्रम नरोकिँदा विद्युतीय उपकरणमा समेत समस्या देखिन थालेको उनीहरू बताउँछन् । अन्य क्षेत्रमा वर्षा र बाढीको प्रभाव देखिइरहेका बेला जनकपुरधाममा भने चर्को गर्मी कायमै छ । गर्मीको समयमा विद्युत् नियमित नहुँदा पङ्खा, कुलरलगायतका उपकरण सञ्चालन गर्न नपाउँदा घरभित्र बस्नसमेत कठिन हुने गरेको स्थानीयको भनाइ छ । विद्युत्को अनियमित आपूर्तिको प्रत्यक्ष असर धान, गहुँ पिस्ने मिल, तोरी पेल्ने मिल, डेरी, होटल तथा मोबाइल र विद्युतीय उपकरण मर्मत गर्ने साना व्यवसायमा परेको छ ।

जनकपुरधामको बजरङ्ग चोकमा मोबाइल मर्मत केन्द्र सञ्चालन गर्दै आएका सन्तोष साहले विद्युत् छिनछिनमै जाने-आउने समस्याले काम गर्न निकै कठिन भएको बताए । 'लाइन काट्नु नै छ भने एकैपटक दुई-चार घण्टा काटे पनि कामको व्यवस्थापन गर्न सकिन्छ । तर, १०-१५ मिनेटमै आउने-जाने गर्दा झन् समस्या हुन्छ,' उनले भने। मोबाइल मर्मत गरिरहेका बेला अचानक विद्युत् कटौती हुँदा काम बिग्रिने तथा एउटै उपकरण दोहोर्याएर बनाउनुपर्ने अवस्था आउने साहको भनाइ छ ।

ग्राहकलाई निश्चित समयमा सामान तयार पारेर दिने प्रतिबद्धता जनाए पनि विद्युत् अवरोधका कारण समयमै काम पूरा गर्न नसक्दा ग्राहकको गाली खानुपर्ने अवस्था रहेको उनले बताए । अनियमित विद्युत् आपूर्तिको असर विद्यार्थीको पठनपाठनमा समेत परेको अभिभावकहरू बताउँछन् ।





## सार्वजनिक शौचालयको निर्माण र व्यवस्थापन गरौं

- सार्वजनिक शौचालयको निर्माण तथा नागरिकका पहुँच विस्तार गरौं,
- सार्वजनिक शौचालयको जिम्मेवारीपूर्वक प्रयोग गरौं,
- फोहोर, प्लाष्टिक वा अन्य वस्तु शौचालयमा नफालौं,
- साबुनपानीले हात धुने बानी अपनाई व्यक्तिगत सरसफाईमा ध्यान दिऔं,
- सार्वजनिक सम्पत्तिको सम्मान गर्दै क्षति पुग्ने कार्य नगरौं,
- शौचालय स्वच्छ राखी रोगको संक्रमण न्यूनीकरणमा योगदान दिऔं,
- सार्वजनिक शौचालय सफा राखौं, सभ्य नागरिकको परिचय दिऔं ।

**स्वच्छ शौचालय, स्वस्थ समुदाय र सभ्य समाज निर्माणमा सबैंले सहयोग गरौं ।**

**नेपाल सरकार**
**विज्ञापन बोर्ड**




## नेपाल सरकारले सहयोग लिनमा सक्रियता देखाउन जरुरी

नेपाल सरकारले अहिले विपदको बखत सबै देश,सबै वर्ग तथा सबैसँग सहयोग लिनमा सक्रियता देखाउन जरुरी रहेको देखिन्छ। रसुवा तथा त्यसका आसपासका क्षेत्रमा बाढीबाट पर्न गएको क्षतिको आँकल यकिन गर्न कठिन रहेको छ । अहिले पनि सुरुङ भित्र धेरै प्राविधिक कर्मचारी तथा श्रमिकहरु फसेको हुन सक्छन् जसलाई उद्धार गर्न अति आवश्यक रहेको देखिन्छ।

पाँच दिन अगाडी नै भारत तथा चिनको सहयोग लिई सुरुङ भित्रबाट बचाउने कार्य गरिएको भए शायद धेरै जनालाई बचाउन तथा उद्धार गर्न सकिन्थ्यो होला । नेपाल सरकारले यस परिवेशमा सहयोग लिनबाट टाढा रहनु बुद्धिमानी होइन । किनभने बिपदको बेला एउटा सामान्य परिवारमा समेत सहयोग दिनेलाई फर्काइदैन । शायद हामीले पनि देशमा बिपतिका बेला सहयोग गर्ने छिमेकीलाई सम्मानका साथ सहयोग स्वीकार गर्नु पर्दछ । सहयोग लिदैमा हामी सानो तथा अरु ठूलो हुने होइन ।

यस पटकको राष्ट्रिय बिपदले पहाड तथा हिमालमा बस्ने समुदायले भारत पक्कै नै हाम्रो आफ्नो छिमेकी मात्र होइन आफ्नै परिवारको सदस्य रहेको बुझेका छन् । नेपाल भन्दा कैयौं गुणा ठूलो रहेको भारतले शुरुमा सहयोग नमागे पनि १० टन जति सहयोग सामाग्रीहरु पठाएका थिए। अहिलेसम्म ४ पटक सहयोग सामाग्रीहरु पठाई सकेका छन् । यसलाई सहर्ष स्वीकार गर्नु नै बुद्धिमानी हुने छ। भारतको उदारताबाट हामीले सिक्नुपर्छ। सामाजिक सञ्जाल मार्फत कैयौं भारतीयहरुले व्यक्तिगत रुपमा समेत नगद तथा आवश्यक सामान पठाएर सहयोग गर्न चाहेका छन् जसलाई सहज बनाउन नेपाल सरकार ले कुटनैतिक पहल गर्न आवश्यक छ। भारतबाट नेपालमा भुक्तानी एपबाट सहयोग जुटाउने बाटो खोलिए नेपाललाई आवश्यक पर्ने सहयोग संकलनमा सहयोग पुग्ने देखिन्छ। त्यसैगरी नेपालबाट बाहिर बसिरहेका नेपाली तथा अन्य बिदेशीहरुले समेत सहयोग गर्न चाहेका छन् । यसको लागि नेपाल सरकारले विशेष पहल गर्न जरुरी छ ।

## झाद्वारा आफ्नो जन्मदिनको अवसरलाई ११ लाख १ रुपैयाँ सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**महोत्तरी, १५ भदौ**

देश बाढीपहिरोको विपत्तिमा परिरहेका बेला महोत्तरीका व्यवसायी शम्भुनाथ झाले आफ्नो जन्मदिनको अवसरलाई सामाजिक सेवासँग जोड्दै प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ११ लाख १ रुपैयाँ सहयोग गरेका छन् ।



महोत्तरी गाउँमा जन्मिएका झाले देशका विभिन्न स्थानमा बाढीका कारण ठूलो जनधनको क्षति भइरहेको र सयौं परिवार प्रभावित तथा विस्थापित भएको अवस्थामा व्यक्तिगत खुसीभन्दा विपद्मा परेका नागरिकको सहयोगलाई प्राथमिकता दिएको बताएका छन् ।

आफ्नो जन्मदिनमा हुने खर्च तथा उत्सवलाई प्रभावित परिवारको राहतमा योगदान गर्ने उद्देश्यले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा रकम जम्मा गरेको झाले बताए । 'देश नै विपत्तिमा परेका बेला व्यक्तिगत खुसीमा मात्र रमाउनु उचित लागेन । बाढी तथा अन्य प्राकृतिक विपत्तिबाट प्रभावित नागरिकको पीडामा थोरै भए पनि साथ दिनुपर्छ भन्ने सोचले जन्मदिनको अवसरमा सहयोग गरेको हुँ,' झाले भने। देशका विभिन्न क्षेत्रमा बाढीका कारण नागरिकको जनजीवन प्रभावित भइरहेका बेला व्यक्तिगत उत्सवलाई सामाजिक सेवासँग जोडेर गरिएको झाको सहयोगलाई मानवीय संवेदना र सामाजिक उत्तरदायित्वको उदाहरणका रूपमा लिइएको छ ।

विपद्को कठिन समयमा गरिएको यस्तो सहयोगले प्रभावित नागरिकलाई राहत पुर्याउनुका साथै अन्य व्यक्ति तथा व्यवसायीलाई समेत आफ्नो क्षमता र अवसर अनुसार विपद्मा परेका नागरिकको सहयोगमा अघि बढ्न प्रेरित गर्ने विश्वास गरिएको छ ।

## मधेश प्रदेशका विभिन्न जिल्लाका १९२ जना बेपत्ता भएकोमा ३० जना परिवारको सम्पर्कमा आए

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ भदौ**

रसुवाको भोटेकोशीमा आएको विध्वंशकारी बाढीमा परेर मधेश प्रदेशका विभिन्न जिल्लाका १९२ जना बेपत्ता भएकोमा ३० जना परिवारको सम्पर्कमा आएका छन् । अझै १६२ जनाको अवस्था अज्ञात रहेको मधेश प्रदेश प्रहरीले जनाएको छ। मधेश प्रदेश प्रहरी कार्यालयका प्रवक्ता एवं एसएसपी प्रभ प्रसाद ढकालका अनुसार बाढीपछि आफन्तले दिएको खोजतलास निवेदनका आधारमा संकलित विवरणअनुसार सप्तरीका ४९ जना बेपत्ता भएका थिए ।



तीमध्ये एक जना परिवारको सम्पर्कमा आए पनि ४८ जनाको अवस्था अझै अज्ञात छ । सिरहाबाट बेपत्ता भएका १० जनामध्ये दुई जना सम्पर्कमा आएका छन् भने ८ जना अझै सम्पर्कविहीन छन्। धनुषाका १३ जनामध्ये ७ जना परिवारको सम्पर्कमा आएका छन् भने ६ जनाको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ । त्यस्तै, महोत्तरीका १७ जनामध्ये ७ जना सम्पर्कमा आएका छन् भने १० जना अझै बेपत्ता छन्। सर्लाहीबाट बेपत्ता भएका १९ जनामध्ये तीन जना सम्पर्कमा आए पनि १६ जनाको अवस्था अज्ञात छ । रौतहटबाट हराएका १९ जनामध्ये तीन जना सम्पर्कमा आएका छन् भने १६ जना अझै बेपत्ता छन् । बाराका २५ जनामध्ये दुई जना सम्पर्कमा आए पनि २३ जनाको अवस्था अज्ञात छ । पर्साबाट सम्पर्कविहीन भएका ४० जनामध्ये दुई जना परिवारको सम्पर्कमा आएका छन् भने ३८ जनाको अवस्था अझै थाहा हुन सकेको छैन । यसैगरी, नेपाल प्रहरीमा कार्यरत मधेसका नौ जनामध्ये छ जना सम्पर्कमा आएका छन् भने तीन जना अझै सम्पर्कविहीन छन् । नेपाली सेनामा कार्यरत तीन जनामध्ये एक जना सम्पर्कमा आए पनि दुई जनाको अवस्था अज्ञात रहेको प्रहरीले जनाएको छ ।


## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**मुखियापट्टी मुसहरनियाँ गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


### तपाईको टुडे

मेषः अनावश्यक खर्चको संभावना
वृषः लामो यात्राको योग छ
मिथूनः अशुभ समाचार प्राप्त हुने
कर्कटः मित्रतामा फाटो आउने
सिंहः अनावश्यक चिन्ता
कन्याः खानपानमा समस्या आउने
तुलाः विचार गरेर बोल्नुहोला
वृश्चिकः पढाईमा ध्यान दिनुपर्ने
धनुः पिछडेको साथी मिल्ने
मकरः शुभ कार्यको शुरुवात
कूम्भः मनमा पछुतो आउने
मीनः आम्दानी हुने



### मधेश प्रदेशको गौरव

**श्री सत्यनारायण भगवानको दर्शन गरौं,मनबाञ्छित फल पाऔं ।**



आरती : विहान : ९ र राति ८ बजे
ठेगाना : शरञ्चियाँ कुट्टि र कलबार कुट्टिको विचमा,पु.:९८२७८१४५८८

**श्री देवअंशी लहेरी समाज, जनकपुरधाम–४,धनुषा**

### आवश्यक टेलिफोन नम्बरहरु



#### जलेश्वर

| | |
|---|---|
| नेपाल पत्रकार महासंघ महोत्तरी | ५२०५१५ |
| जलेश्वरअस्पताल एम्बुलेन्स | ९७४४००२५२७ |
| नेपाल रेडक्रस सोसाइटी एम्बुलेन्स | ५२०१००, |
| सामुदायिक विकास परि.एम्बुलेन्स | ५२१००५, |
| RCDSC एम्बुलेन्स | ५२०२९८, |
| दसहारा एम्बुलेन्स | ५२०६७७, ९८४४२६०००० |
| बर्दिबास अस्पताल एम्बुलेन्स | ५५००९०, |
| बर्दिवास सेवा समिति एम्बुलेन्स | ५५०५८६, |
| रामगोपालपुर एम्बुलेन्स | ६९०५९३ |
| जिल्ला प्रहरी | ५२०००९ |
| विद्युत | ५२०१६६ |
| वारुण यन्त्र | ५२००९७ |
| जिल्ला प्रशासन | ५२००५५ |

**आवश्यक नम्वरहरुको लागि सम्पर्क गरौं १९७**

#### जनकपुर

| | |
|---|---|
| प्रहरी धनुषा | 520099, 100 |
| सुरक्षा गुल्म जनकपुर बैरेक | 0186,526586 |
| सशस्त्र प्रहरी मुजेलिया | 527213, 527800 |
| मुजेलिया प्रहरी चौकी | 520750 |
| ट्राफिक कार्यालय जिरोमाईल | 520366 |
| एम्बुलेन्स पब्लिक वेल फेयर | 9854022474 |
| एम्बुलेन्स रेडक्रस | 102 |
| एम्बुलेन्स (सरोज फाउन्डेशन) | 522806 |
| महाबीर एम्बुलेन्स | 525980 |
| एम्बुलेन्स मेडिकल कलेज | 526091 |
| एम्बुलेन्स केयर मेडिकल सेन्टर | 523864 |
| बरुण यन्त्र जनपा | 520011 |
| जिल्ला जनस्वास्थ्य कार्यालय | 526271 |
| जनकपुर अंचल अस्पताल | 520033 |
| केयर मेडिकल सेन्टर | 523864 |
| धनुषा तथा अस्पताल तथा अनुसन्धान केन्द्र प्रा.लि. | 525800 |
| **जानकी हेल्थ केयर एण्ड रिसर्च सेन्टर** | 525342 |

### जलेश्वरनाथ मन्दिर पुजाआजा

बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०५:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०६:३० बजे
राति ढोका बन्द हुने समय : १२ बजे
(हरेक हप्ताको मंगलबार र शनिबार मन्दिर प्राङ्गणमा दिउँसो भजन किर्त्तन सहित हनुमान आराधना )

### जानकी मन्दिर पुजाआजा




बिहान ढोका खुल्ने समय : ०५:०० बजे
विहान पुजा आरती : ०७:३० बजे
विहान ढोका बन्द :१२:०० बजे
अन्न क्षेत्र : नि:शुल्क भोजन
दिउँसो ढोका खुल्ने समय :०४:०० बजे
सन्ध्या पूजा आरती साँझ :०७:३० बजे

# किएभनजिक रुसी ड्रोन आक्रमणमा ३७ जनाको मृत्यु




**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ भदौ**

युक्रेनको राजधानी किएभनजिकै रहेको एक गोदाममा रुसी ड्रोन आक्रमण हुँदा ३७ जनाको मृत्यु भएको युक्रेनी अधिकारीहरूले बताएका छन् । गोदाममा गोलाबारुद तथा बारुदी सुरुङ भण्डारण गरिएको र आक्रमणपछि भएको विस्फोट तथा आगलागीले आसपासका दर्जनौँ घरमा क्षति पुगेको उनीहरूको भनाइ छ ।

बुचा जिल्लाको माइला गाउँमा शुक्रबार राति भएको आक्रमण यस वर्ष युक्रेनमा भएको सबैभन्दा घातक रुसी आक्रमण बनेको छ । स्थानीय क्षेत्रीय सैन्य प्रशासनका प्रमुख टिमुर टकाचेन्कोका अनुसार आगलागीका कारण कम्तीमा ५० आवासीय भवनमा क्षति पुगेको छ । मृत्यु हुनेमा ३४ जना वृद्ध तथा अपाङ्गता भएका व्यक्तिको स्याहार केन्द्रका बासिन्दा रहेको उनले बताए । घटनापछि ३७० भन्दा बढी मानिसलाई सुरक्षित स्थानमा सारिएको छ । युक्रेनी राष्ट्रपति भोलोदिमिर जेलेन्स्कीले मानिसको बस्ती नजिकै गोलाबारुद भण्डारण गरिएको विषयमा प्रश्न उठाउँदै घटनालाई 'भयानक लापरबाही' भनेका छन् । उनले घटनाबारे आपराधिक अनुसन्धान सुरु गरिएको र दोषीलाई जवाफदेही बनाइने बताएका छन् । रुसको रक्षा मन्त्रालयले भने उक्त गोदाममा लामो दूरीका ड्रोनका लागि आवश्यक सामग्री तथा प्रक्षेपण उपकरण भण्डारण गरिएको भन्दै त्यही संरचनालाई लक्षित गरी आक्रमण गरिएको जनाएको छ ।

# रसुवा बाढीबाट जोगिइन् भारतीय अभिनेत्री मानसी

**जलेश्वरटुडे समाचारदाता**
**काठमाण्डौं, १४ भदौ**



नेपालमा आएको आकस्मिक बाढीले ठूलो विनाश निम्त्याएको छ । यस बाढीबाट हजारौं मानिस प्रभावित भएका छन्, जसमा थुप्रै भारतीय नागरिक पनि परेका छन् ।

यही बाढीमा भारतीय अभिनेत्री मानसी पारिख भने बाल-बाल जोगिन सफल भएकी छन् । हाल उनी कैलाश मानसरोवर यात्रामा छिन् । नेपालमा बाढीको खबर सार्वजनिक भएपछि अभिनेत्रीको सुरक्षालाई लिएर उनका प्रशंसकहरूले चिन्ता व्यक्त गरेका थिए ।

यद्यपि, उनले आफू पूर्ण रूपमा सुरक्षित रहेको जानकारी दिएकी छन् । उनले माउन्ट कैलाश यात्राका केही तस्बिरहरू सामाजिक सञ्जालमा सेयर गर्दै सुरक्षित रहेको जानकारी दिएकी हुन् । अभिनेत्री मानसीका अनुसार हाल उनी चीनको एक होटलमा बसिरहेकी छन् ।

उनले मानसरोवरको किनारमा ध्यान गरेपछि कैलाश पर्वत तर्फको यात्रा सुरु गरेकी हुन् । मानसीले सामाजिक सञ्जालमा एक भिडियो सेयर गरेकी छन्, जसमा उनी घोडा चढेर माउन्ट कैलाशतिर प्रस्थान गरिरहेको देख्न सकिन्छ । भिडियोमा उनले साधारण खाना खाएको र आफ्ना सहयात्रीहरूसँग रमाइलो समय बिताएका पलहरू पनि कैद गरिएको छ ।

# मोनास्टिक स्कुल/कलेजद्वारा प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५ लाख १ हजार रुपैयाँ सहयोग

**जलेश्वरटुडे समाचारदाता**
**जनकपुरधाम, १४ भदौ**




पछिल्लो प्राकृतिक विपत्तिबाट प्रभावित परिवार तथा समुदायको सहयोगका लागि मोनास्टिक स्कुल/कलेजले प्रधानमन्त्री दैवी प्रकोप उद्धार कोषमा ५ लाख १ हजार रुपैयाँ सहयोग गर्ने भएको छ । विपत्तिका कारण ठूलो जनधनको क्षति भइरहेका बेला पीडित परिवारको राहत तथा पुनःस्थापनामा सहयोग पुगोस् भन्ने उद्देश्यले विद्यालयले उक्त रकम सहयोग गर्न लागेको हो ।

विद्यालयका निर्देशक डा. सोनु साहले विपद्का बेला पीडितको साथमा उभिनु सामाजिक दायित्व भएको बताए । उनले विद्यालयले गरेको सहयोग रकम ठूलो नभए पनि विपत्तिमा परेका परिवारलाई केही राहत र हौसला मिलोस् भन्ने उद्देश्यले सहयोग गरिएको उल्लेख गरे । 'विपत्तिको समयमा पीडित परिवारलाई सहयोग गर्नु सबैको साझा दायित्व हो । हाम्रो यो सहयोग सानो भए पनि पीडितको दुःखमा साथ र ऐक्यबद्धता प्रकट गर्ने प्रयास हो । समाजका हरेक वर्ग र संस्थाले आफ्नो क्षमताअनुसार सहयोग गर्न सके विपद्बाट प्रभावित नागरिकलाई राहत पुग्नेछ,' डा. साहले भने ।

**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**सम्सी गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**कमला नगरपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**

**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**सोनमा गाउंपालिकाको कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

**व्यक्तिगत घटना दर्ता गरौं**

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**बलवा नगरपालिका कार्यालय**
**महोत्तरी, मधेश प्रदेश**

जलेश्वर टुडे



# ‘गम्भीर अपराध’ घोषित करबाक समय आबि गेल अछि कि नैइ ?
## “अवैध कब्जा, अवैध निर्माण आ अवैध खनन“

**-मुरली मनोहर मिश्र ।**

आजुक भौगोलिकता, मौलिकता आ नैतिकताक संकटमे कानून, समाज आ शासनक दायित्व : आजुक समयमे अवैध कब्जा, अवैध निर्माण आ अवैध खननकेँ केवल “स्थानीय विवाद”, “नक्सा पास नैइ भेल”, “सरकारी जमीन पर घर बनि गेल” अथवा “किछुए बालुवा-माटि निकालि लेल” जेकाँ सामान्य प्रशासनिक विषय मानब एकटा गम्भीर भूल अछि। यी तीनू प्रवृत्ति वास्तवमे भूगोल, पर्यावरण, सार्वजनिक सम्पदा, सांस्कृतिक पहिचान, भावी पुस्ता आ सामाजिक नैतिकतामाथि एकसाथ प्रहार करैत अछि ।

प्रश्न तऽ एखन यी नैइ अछि जे अवैध कब्जा करबाक अपराध अछि कि नैइ ? कानून पहिनहि सार्वजनिक आ सरकारी सम्पदाक अतिक्रमणकेँ अपराध मानि चुकल अछि। मुलुकी अपराध संहिताक धारा १४७ सार्वजनिक घर-जग्गा कब्जा वा अतिक्रमणकेँ दण्डनीय बनबैत अछि, आ धारा १४८ सार्वजनिक सम्पदाक अतिक्रमणकेँ सेहो गम्भीर कसूरक रूपमे व्यवस्था करैत अछि। प्राकृतिक सम्पदा उपर अतिक्रमणक सम्बन्धमे धारा १४९ मे सेहो स्पष्ट व्यवस्था अछि । असल प्रश्न यी अछि जे कानूनमे अपराध होइतहुँ व्यवहारमे एकरा कतेक गम्भीरतासँ लेल जा रहल अछि ? १. भूगोल केवल जमीन नैइ, सभ्यताक आधार अछि: कोनो शहरक भूगोल ओकर नक्सामे खिंचल रेखा मात्र नैइ होइत अछि। नदी, पोखरि, नाला, सार्वजनिक बाट, खुला क्षेत्र, हरियर क्षेत्र, जलनिकास, मन्दिर परिसर, ऐतिहासिक स्थल यी सभ मिलिकऽ शहरक प्राकृतिक आ सांस्कृतिक भूगोल बनबैत अछि । जखन पोखरिक डिल पर कब्जा होइत अछि, नालाक बाट बन्द कएल जाइत अछि, सार्वजनिक बाट संकुचित होइत अछि, नदीक धारमे निर्माण होइत अछि अथवा पहाड़-पर्वतकेँ अनियन्त्रित ढंगसँ काटल जाइत अछि, तखन केवल जमीनक स्वरूप नैइ बदलैत अछि, यद्यपि प्राकृतिक सन्तुलनक पूरा प्रणाली प्रभावित होइत अछि । आजुक बाढ़ी, डुबान, भू-स्खलन आ जलनिकासक संकटकेँ केवल “प्राकृतिक विपत्ति” कहि कऽ पल्ला झाड़ी देनाइ वैज्ञानिक दृष्टिसँ सेहो उचित नैइ अछि। प्राकृतिक जोखिमकेँ मानवक गलत भू-उपयोग अनेक गुणा बढ़ा सकैत अछि। वातावरण संरक्षणसम्बन्धी कानूनी व्यवस्थामे सेहो प्राकृतिक सम्पदाक अत्यधिक दोहन, भू-स्खलन आ प्राकृतिक विपत्तिक सम्भावनासँ प्रभावित क्षेत्रकेँ संवेदनशील क्षेत्र घोषित करबाक प्रावधान अछि: २. अवैध निर्माण : ईंटा-पत्थरक नै, जोखिमक निर्माण,

अवैध निर्माणकेँ बहुत बेर केवल भवन निर्माणसम्बन्धी नियमक उल्लंघन बुझल जाइत अछि । मुदा प्रश्न यी अछि जे कहाँ निर्माण भेल ?

क) यदि जलनिकासक बाटमे भवन बनल,
ख) यदि सार्वजनिक पोखरिक डिल पर संरचना ठाढ़ भेल,
ग) यदि सडकक क्षेत्राधिकार मिचल गेल,
घ) यदि ऐतिहासिक वा धार्मिक स्थलकेँ चारू कातसँ घेरि देल गेल,
ङ) यदि नदीक प्राकृतिक बहाव क्षेत्रमे निर्माण कएल गेल,

तखन यी केवल “बिल्डिङ परमिट”क प्रश्न नैइ रहि जाइत अछि । यी सार्वजनिक सुरक्षा आ सामूहिक अधिकारक प्रश्न बनि जाइत अछि । मुलुकी देवानी संहितामे सेहो सरकारी, सार्वजनिक वा सामुदायिक जमीन चाइप क, मिचि अथवा अन्य तरिकासँ कब्जामे राखब निषेधित अछि। सार्वजनिक प्रयोजनक पोखरी, कुवा, पानीघाट, बाट, निकास आदिकेँ सार्वजनिक सम्पत्तिक रूपमे कानूनी मान्यता देल गेल अछि : अर्थात् सार्वजनिक सम्पत्ति पर निजी निर्माण, निजी सुविधा नैइ; सार्वजनिक अधिकारक हरण अछि । ३. अवैध खनन : आजुक मुनाफा, काल्हिक विनाश: बालुवा, गिट्टी, ढुंगा, माटि अथवा अन्य प्राकृतिक स्रोतक अनियन्त्रित उत्खनन तत्काल आर्थिक लाभ दे सकैत अछि। मुदा प्रकृतिक भूगोलकेँ ओकर कीमत बहुत महँग पड़ैत अछि । अवैध खननसँ–

क) नदीक प्राकृतिक धार बदलि सकैत अछि,
ख) कटान बढ़ी सकैत अछि,
ग) तटबन्ध कमजोर भऽ सकैत अछि,
घ) भू-जल प्रणाली प्रभावित भऽ सकैत अछि,
ङ) खेतीयोग्य भूमि नष्ट भऽ सकैत अछि,
च) बाढ़कि जोखिम बढ़ी सकैत अछि,
छ) पहाड़ आ चुरे क्षेत्र अस्थिर भऽ सकैत अछि ।

४. खानी तथा खनिज पदार्थ ऐनमे अनुमति बिना खनिज कार्य करबाक स्थिति मे कार्य बन्द करबाक, उपकरण तथा अनधिकृत उत्खनित खनिज जफत करबाक आ जरिबाना तथा क्षतिपूर्ति भराओनक व्यवस्था अछि: ५. खननसम्बन्धी नियमावली स्वयं उत्खननकेँ खनिज सम्पदाक संरक्षण आ वातावरणमे न्यूनतम प्रतिकूल प्रभावक सिद्धान्तसँ जोड़ैत अछि : तखन प्रश्न फेर ओतहि आबि जाइत अछि जे कानूनक समस्या बेसी अछि कि कानूनक कार्यान्वयनक ? ६. मौलिकता : विकासक नाम पर अपन भूगोलकेँ नष्ट करब कोन विकास ?

आजुक विकासक परिभाषा बहुत बेर सड़क, भवन, व्यापारिक कम्प्लेक्स आ कंक्रिटक विस्तारसँ जोड़ल जाइत अछि। मुदा शहरक मौलिकता यदि समाप्त भऽ गेल, पोखरि सुखा देल गेल, नदीक धार बन्द कऽ देल गेल, पुरान बाट मेटा देल गेल, सांस्कृतिक स्थलकेँ व्यापारिक संरचनासँ घेरि देल गेल तऽ विकासक नाममे आखिर बचल की ? जगहक आत्मा समाप्त कऽ कऽ बनाओल शहर आधुनिक नैइ, पहिचानविहीन शहर होइत अछि । जनकपुरधाम जेकाँ सांस्कृतिक शहरक सन्दर्भमे तऽ यी प्रश्न आरो गम्भीर अछि। पोखरि, कुटी, मठ-मन्दिर, पुरान बाट, जलनिकास, सार्वजनिक भूमि आ धार्मिक-सांस्कृतिक क्षेत्र केवल सम्पत्ति नहि–मिथिलाक सामूहिक स्मृति अछि। एक बेर नष्ट भेल मौलिक भूगोलकेँ कागज पर पुन: बनाओल जा सकैत अछि, मुदा समय, संस्कृति आ सामुदायिक स्मृति फेर नैइ बनैत अछि ।

७. नैतिकता : ‘हमरा के रोकत ?’ सँ ‘हमरा एना करबाक अधिकार अछि ?’ धरि,

कानूनक भय समाप्त भेला पर समाजमे अपराध बढ़ैत अछि; मुदा कानूनक भय मात्रसँ सभ्यता नैइ बनैत अछि ।

सभ्य समाजक वास्तविक प्रश्न होइत अछि– “यी काम कानूनी अछि कि नैइ?” मात्र नैइ, “यी काम नैतिक अछि कि नैइ?” सेहो । क) सार्वजनिक पोखरी कब्जा करबाक पहिने व्यक्ति सोचय जे– यी फुलबारी आ पोखरी हमर नैइ, हमर सन्तानक सेहो अछि ।

ख) सार्वजनिक बाट मिचबाक पहिने सोचय–

जे बाट हम बन्द कऽ रहल छी, काल्हि हमर अपन सन्तानकेँ सेहो ओहि बाटक आवश्यकता पड़ी सकैत अछि ।

ग) नदीक धारमे माटि भरबाक पहिने सोचय–

नदीकेँ रोकि कऽ हम अपन घर बचा रहल छी कि हजारो घरकेँ संकटमे धकेलि रहल छी ? याह आत्मबोध नैतिकताक शुरुआत अछि ।

८. सबसँ गम्भीर प्रश्न : अपराधी मात्र दोषी अछि कि संरक्षण देनिहार सेहो ? अवैध कब्जा अकेले सम्भव नैइ होइत अछि। कतहु नापीमे कमजोरी, कतहु मालपोतक अभिलेखमे समस्या, कतहु स्थानीय तहक मौन, कतहु राजनीतिक संरक्षण आ कतहु प्रशासनिक उदासीनता, यी सभ मिलिकऽ अतिक्रमणकेँ स्थायित्व दैत अछि। स्थानीय प्रशासन ऐन सार्वजनिक सम्पत्तिक अभिलेख राखबाक तथा सार्वजनिक जग्गा अनधिकृत रूपमे आवाद करब रोकबाक जिम्मेवारी स्पष्ट करैत अछि: तेँ अवैध कब्जा करनिहार मात्रक नैइ, जानि-बुझि ओकर संरक्षण, स्वीकृति, सहजीकरण वा अभिलेखीय हेरफेर करनिहारक जवाबदेही सेहो तय होयबाक चाही। यदि कब्जा करनिहार दण्डित होइत अछि मुदा संरक्षण देनिहार बचि जाइत अछि, तऽ कानून आधा लागू भेल ।

९. ‘गम्भीर अपराध’ घोषित करबाक औचित्य:

एहि सन्दर्भमे अवैध कब्जा, अवैध निर्माण आ अवैध खननकेँ अलग-अलग प्रशासनिक उल्लंघनक रूपमे नैइ, सम्बद्ध सार्वजनिक-पर्यावरणीय अपराधक रूपमे हेबाक अवधारणा आवश्यक अछि। विशेषत: निम्न अवस्थामे कठोर कानुनी वर्गीकरण आवश्यक देखाइत अछि–

क) सार्वजनिक पोखरी, नदी, नाला, जलनिकास वा जलाधार क्षेत्रमाथि कब्जा,
ख) सार्वजनिक वा सामुदायिक बाट तथा खुला क्षेत्र अतिक्रमण,
ग) धार्मिक, सांस्कृतिक वा ऐतिहासिक सम्पदामाथि अवैध निर्माण,
घ) नदी, चुरे, पहाड़ वा संवेदनशील क्षेत्रमा अवैध खनन,
ङ) प्रशासनिक संरक्षण वा राजनीतिक प्रभावमे संगठित अतिक्रमण,
च) बारम्बार चेतावनीक बावजूद अवैध निर्माण/खनन जारी राखब,
छ) अवैध कब्जाकेँ वैध बनयबाक लेल अभिलेख, नापी वा दर्तामे हेरफेर,
ज) एहि अपराधमे केवल जरिबाना नैइ, आवश्यकतानुसार सम्पत्ति जफत, क्षतिपूर्ति, पुनर्स्थापना खर्च, संरचना हटेबाक खर्च आ जिम्मेवार पदाधिकारीक जवाबदेही समेत सुनिश्चित करबाक बहस आब समयक आवश्यकता अछि ।

१०. समाधान : ‘अतिक्रमण हटाउ’ सँ आगू ‘अतिक्रमण होएब हि नैइ दिअ’,

अभियान चलाकऽ घरटहरा तोड़ब आवश्यक भऽ सकैत अछि, मुदा दीर्घकालीन समाधान ननैइ, पहिल आवश्यकता अछि–

क) सार्वजनिक सम्पत्तिक डिजिटल अभिलेख,

कुन जमीन सरकारी, सार्वजनिक, गुठी, सामुदायिक, नदी, पोखरी, बाट वा निकास अछि त ओहिके सार्वजनिक डिजिटल नक्सामे स्पष्ट होय,

ख) ‘नो-गो जोन’ निर्धारण,
नदी, पोखरी, जलनिकास, ऐतिहासिक सम्पदा, संवेदनशील भूभाग आ सार्वजनिक बाटक स्पष्ट संरक्षण क्षेत्र तय होय,
ग) अवैध निर्माणक तत्काल रोक, निर्माण पूरा भेलाक बाद कार्रवाई करबाक बदला निर्माणक पहिल चरणमे रोक लगाउ,
घ) अवैध खननक उपकरण जफत, जरिबानाक भय मात्र पर्याप्त नैइ अछी, अपराधमे प्रयुक्त साधन आ आर्थिक लाभक संरचना उपर सेहो कार्रवाई होय,
ङ) संरक्षण देनिहारक जवाबदेही, “के बनौलक ?” सँगै “के बनय देलक ?” सेहो पूछल जाय,
च) नागरिक निगरानी,
सार्वजनिक सम्पत्तिक संरक्षण केवल सरकारक नैइ, नागरिक समाजक सेहो दायित्व अछि ।

११. निष्कर्ष : आब सवाल कानून बनबाक नैइ, कानून जागबाक अछि, नेपालक कानूनी व्यवस्था सार्वजनिक सम्पदा, सार्वजनिक जमीन आ प्राकृतिक सम्पदाक अतिक्रमणकेँ पहिनेसँ अपराध मानैत अछि तेँ आजुक वास्तविक आवश्यकता केवल “अवैध कब्जा, अवैध निर्माण आ अवैध खननकेँ गम्भीर अपराध घोषित करु” एतबे नैइ, वास्तविक माग होयबाक चाही–

“जे अपराध कानूनमे गम्भीर अछि, ओकर कार्यान्वयनकेँ सेहो गम्भीर बनाउ ।” किएक तँ सार्वजनिक भूमि पर कब्जा केवल भूमि हरण नैइ अछि, यधपी :

क) नदी पर कब्जा केवल जलधाराक अवरोध नैइ अछि,
ख) पोखरी पुरनाइ केवल पानीक स्रोत नष्ट करब नैइ अछि,
ग) अवैध खनन केवल ढुंगा-बालुवा निकालब नैइ अछि,
ग) अवैध निर्माण केवल भवन नियमक उल्लंघन नैइ अछि,

यी सभ मिलिकऽ समाजक भूगोल, प्रकृतिक सन्तुलन, शहरक मौलिकता, संस्कृति आ भावी पुस्ताक अधिकारक हरण अछि। आ जखन कोनो अपराध वर्तमानक सुविधा लेल भविष्यक अधिकार छीनि लैत अछि, तखन ओकरा सामान्य अपराध कहब अपनेमे एकटा नैतिक अपराध बनि जाइत अछि ।

एखन समय आबि गेल अछि जे –
क) ‘कब्जा केहन अछि?’ यी नैइ, यद्यपि ‘ककर अधिकार पर कब्जा अछि ?’ यी पूछबाक,
ख) ‘निर्माण कतेक सुन्दर अछि ?’ यी नैइ, यद्यपि ‘कोन भूगोलकेँ नष्ट कऽ कऽ निर्माण भेल ?’ यीपूछबाक,
ग) ‘खननसँ कतेक आम्दानी भेल ?’ यी नैइ, यद्यपि ‘प्रकृतिसँ कतेक ऋण लेल गेल?’ यी हिसाब करबाक,

कारण अन्तत: “भूगोल बिकैत नैइ अछि, यद्यपि भविष्यकेँ हस्तान्तरित होइत अछि । आ सार्वजनिक सम्पदा निजी सम्पत्ति नैइ, पुस्तान्तरक न्यास अछि ।“








## व्यक्तिगत घटना दर्ता गरौं

– घटना दर्ताको प्रमाण पत्रलाई कानुनी मान्यता प्राप्त भएकोले जुनसुकै अड्डा अदालतमा प्रमाणको रुपमा प्रस्तुत गर्न सकिने ।
– आमा बाबु उमेर आदिको बैधानिक प्रमाण हुने ।
– विद्यालयमा भर्ना हुन सजिलो पर्ने ।
– नागरिकताको प्रमाण पत्र लिन सजिलो पर्ने ।
– नाता कायम गर्न सजिलो पर्ने ।
– चल अचल सम्पत्ती नामसारी गर्न सजिलो पर्ने ।
– पती-पत्नीबिच बैधानिक सम्बन्ध कायम हुने ।
– जीवन विमा, पेन्सन, उपदान र बैंकबाट रकम झिक्न सुविधा हुने ।
– विदेश जानको लागि भिसा प्राप्त गर्नमा सजिलो हुने ।
– राष्ट्रिय जनसंख्या नीति तर्जुमा गर्नमा मद्दत मिल्ने ।

**अनुरोधकर्ता**
**धनौजी गाउँपालिकाको कार्यालय**
**धनुषा, मधेश प्रदेश**


प्रकाशक तथा सम्पादक : पवन कुमार साह, सह-सम्पादक : सोनी साह, मुद्रक : राजर्षि जनक अफसेट प्रिन्टर्स, जनकपुरधाम
प्र.कार्यालय : जलेश्वर -४, सुगा भवानीपट्टि, सम्पर्क कार्यालय : जनकपुरधाम–४ (मुरलीचौक), विज्ञापनको लागि सम्पर्क :९८४४०२७९७१/९८२४८७७६२७
Email:jaleshwortoday@gmail.com,web: www.jaleshwortoday.com, www.facebook.com/JaleshworToday,twitter.com/JaleshworToday